नागोया नगर

ネパール語

## व्यवसाय सञ्चालकहरूका निमित्त

# संशोधित स्वास्थ्य प्रवर्धन ऐन गतिविधि सहयोग पुस्तक




**STOP** अनिच्छित अप्रत्यक्ष धूम्रपानको उन्मूलन गरौं !

- अधिकांश भवनमा साधारणत:भवन भित्र धूम्रपान निषेध
- २० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान क्षेत्रमा आउन जान निषेध गर्ने
- भवन भित्र धूम्रपान गर्नका लागि धूम्रपान क्षेत्र स्थापनाको अनिवार्य
- धूम्रपान कक्षमा साइनबोर्ड देखिने गरी अनिवार्य राखिनु पर्ने

नागोया नगर　अप्रत्यक्ष धूम्रपान

# व्यवसाय सञ्चालककहरूलाई अनुरोध

## अप्रत्यक्ष धूम्रपान रोकथामका लागि चुरोट सम्बन्धी नियम बनेका छन् ।

स्वास्थ्य प्रवर्धन ऐनको आंशिक भाग संशोधन गर्ने कानुन सन् २०१८(हेइसेइ ३०)साल जुलाईमा पारित भयो । उप्रान्त, सन् २०२०(रेइवा २)साल अप्रिल १ तारिख देखि सम्पूर्ण रूपमा कार्यान्वयनको लागि तयारी भइरहेको छ । यस परिवर्तन, अनिच्छित अप्रत्यक्ष धूम्रपान रोकथामको लक्ष्य लिएर, विशेष गरि स्वास्थ्यमा ठूलो असर पर्ने बालबालिका तथा बिरामी आदिलाई ध्यानमा राखेर, असङ्ख्य व्यक्तिले प्रयोग गर्ने भवनको अवस्थिति अनुसार, उक्त स्थानको कुनै निश्चित भाग बाहेक अन्यमा धूम्रपान निषेध गरिनुका साथै उक्त भवन प्रवन्धकले चाल्नुपर्ने कदमका बारेमा तोकिएको छ ।

चाल्नुपर्ने कदमको उदाहरणमा, भवन भित्र धूम्रपान गर्न सकिने स्थानको निर्धारण गर्दा, प्रवन्धकद्वारा भवनको प्रवेश द्वारमा साइनबोर्ड देखिने गरी राखिएको हुनुपर्छ । साइनबोर्ड देखिने गरी राख्नमा ढिला-सुस्ती गर्ने वा सरकारबाट आएको निर्देशनको बेवास्ता गर्ने जस्तो लापर्बाही देखिएमा सरकारबाट हुने दण्ड (जरिमाना सजाय) को भागी हुनु पर्नेछ ।


नागोया नगरले, “स्वास्थ्य नागोया योजना २१(दोस्रो ठूलो)” मा आधारित भइ सम्पूर्ण नगरबासीहरूले स्वस्थ तथा समृद्ध हृदयका साथ जीवनयापन गर्न सक्ने समाजको लक्ष्य राखेको छ । नगरबासीको स्वास्थ्यमा खराब असर पुऱ्याउने अप्रत्यक्ष धूम्रपान रोकथामका लागि बनाइएको चुरोट सम्बन्धीको नियम प्रति तपाईँको समझदारी र सहयोगका लागि अनुरोध गर्दछौं ।

# अप्रत्यक्ष धूम्रपानले स्वास्थ्यमा पार्ने असरका बारेमा

अप्रत्यक्ष धूम्रपानका कारणले रोग लाग्न जोखिम बढ्ने रोगहरू*मा फोक्सोको क्यान्सर, इस्केमिक (मुटुमा रक्तसञ्चारको कमी हुने) हृदय रोग, मस्तिष्क घात, शिशुको अचानक मृत्यु हुने अवस्था (SIDS)आदि पर्छन् । प्रति वर्ष लगभग १५,००० व्यक्तिहरू, अप्रत्यक्ष धूम्रपान नगरेको भए यी रोगहरूबाट मर्नु पर्दैनथ्यो भन्ने अनुमान गरिएको छ ।

*धूम्रपान र त्यसका कारण तथा असर बीचको परस्परता अनुमान गर्नलाई प्रमाण पर्याप्त भए(निश्चितरूप)का रोगहरू

### अप्रत्यक्ष धूम्रपानका कारणले रोग लाग्न जोखिम बढ्ने रोगहरू




( ) ...अप्रत्यक्ष धूम्रपान नलिने व्यक्तिको तुलनामा अप्रत्यक्ष धूम्रपान लिन पुगेका व्यक्तिको बिरामी हुने सम्भावना कति गुणा होला त ?

स्रोत "धूम्रपान र स्वास्थ्य, धूम्रपानबाट स्वास्थ्यमा पर्ने असर सम्बन्धी विचार भेला अध्ययन रिपोर्ट", राष्ट्रिय क्यान्सर अध्ययन केन्द्र, क्यान्सर सूचना सेवा

### अप्रत्यक्ष धूम्रपानको कारण प्रति वर्ष हुने मृत्युको अनुमानित संख्या

| | पुरुष | महिला |
|---|---|---|
| फोक्सोको क्यान्सर | ६२७ | १,८५७ |
| इस्केमिक हृदय रोग | १,५७१ | २,८८८ |
| मस्तिष्क घात | २,३२५ | ५,६८९ |
| जम्मा | ४,५२३ | १०,४३४ |
| शिशुको अचानक मृत्यु हुने अवस्था (SIDS) | ७३ | |
| **कुल** | **१५,०३० जना (व्यक्ति)** | |

*हरेक रोगको मृत्युसंख्या मध्य कति प्रतिशत अप्रत्यक्ष धूम्रपानका कारणबाट भएका हुन् त्यसको हिसाब गरी त्यसको अनुपातलाई सन् २०१४ सालको मृत्युसंख्या भित्रबाट तथ्यांक निकालियो।

स्रोत समाज कल्याण श्रम विज्ञान अनुसन्धान सहयोग अनुदान रकम, मुटु तथा रक्तसञ्चार सम्बन्धी रोग, मधुमेह आदि जस्ता खानपिनका कारणबाट लाग्ने रोगका रोकथामका समग्र अनुसन्धान गतिविधि “चुरोट रोकथामबाट स्वास्थ्यमा पर्ने प्रभाव तथा आर्थिक प्रभावको समस्त मूल्याङ्कनसँग सम्बन्धित अनुसन्धान”

## असङ्ख्य व्यक्तिहरूले प्रयोग गर्ने सबै भवनहरूमा साधारणत:भवन भित्र धूम्रपान निषेध गरिएको छ ।

तपाईंको भवन भित्र धूम्रपानका लागि धूम्रपान क्षेत्र स्थापना गर्दा
त्यसका लागि केहि कदम चाल्नुपर्ने आवश्यक हुन्छ ।
तलको फ्लोचार्ट प्रयोग गरी तपाईंले चाल्नुपर्ने कदमको बारेमा निश्चय गर्नुहोस् ।

के तपाईंको भवन जस्तै, विद्यालय, अस्पताल वा बाल कल्याण सम्बन्धी वा सरकारी निकायको मध्य कुनै एकको भवन हो?

A हो | B होइन

- A हो → वर्गीकरण ४
- B होइन ↓

के तपाईंको भवनमा चुरोटको आमने-सामने बिक्री हुन्छ?

A हो | B होइन

- A हो → के तपाईंको भवन "सिगार बार ..." हो?
- B होइन ↓

के तपाईंको भवन "सिगार बार (भट्टी), सुर्तीजन्य बिक्री पसल" हो?

A हो | B होइन

*सिगार बार (भट्टी र सुर्तीजन्य बिक्री पसलका लागि सर्तहरूको बारेमा पृष्ठ ५ हेर्नुहोस्

- A हो → वर्गीकरण ३
- B होइन ↓

के तपाईंको भवन "**भोजनालय भएको**" र त्यसले "**निम्न तीन सर्तहरू**" पूरा गरेको छ?

१. सन् २०२०(रेइवा २)साल अप्रिल १ तारिखमा सञ्चालन भइरहेको हुनुपर्ने
२. ग्राहक बस्ने स्थानको क्षेत्रफल १०० वर्ग मिटर वा सो भन्दा कम
३. व्यक्ति वा साना तथा मझौला उद्योग (५ करोड येन वा सो भन्दा कमको पूँजी)ले सञ्चालन

A हो | B होइन

- B होइन → वर्गीकरण १
- A हो → वर्गीकरण २

**वर्गीकरण १**
**भोजनालय** (हालसम्म चल्दै आइरहेका साना स्तरका बाहेक), **कार्यालयहरू इत्यादि खालका**
पृष्ठ ३ हेर्नुहोस्

**वर्गीकरण २**
**भोजनालय** (हालसम्म चल्दै आइरहेका साना स्तरका)
निवेदन पेस गर्नुपर्ने आवश्यकता हुनसक्छ ।
पृष्ठ ४ हेर्नुहोस्

**वर्गीकरण ३**
**सिगार बार** (भट्टी), **सुर्तीजन्य बिक्री पसल**
पृष्ठ ५ हेर्नुहोस्

**वर्गीकरण ४**
**विद्यालय तथा अस्पताल आदि**
पृष्ठ ६ हेर्नुहोस्



वर्गीकरण १

भवनका वर्गीकरण र नियन्त्रणका विषयहरू

## भोजनालय (हालसम्म चल्दै आइरहेका साना स्तरका बाहेक), कार्यालयहरू इत्यादि खालका

दोस्रो ठूलो प्रकारका भवन आदि

**लक्षित**

**भोजनालय(हालसम्म चल्दै आइरहेका साना स्तरका बाहेक), कार्यालयहरू, कारखानाहरू, होटलहरू, लज, रेलवे, पानी जहाजहरू आदि**




**तपाईंको भवन साधारणतः भवन भित्र धूम्रपान निषेध गरिएको भवन हो । धूम्रपान क्षेत्र स्थापना गर्दा, खाना तथा पेय उपलब्ध गरिने वा नगरिने, धूम्रपान गर्न सकिने चुरोटको प्रकार तथा धूम्रपान क्षेत्रको परिधि अनुसार चाल्नुपर्ने कदम फरक फरक हुन्छ ।**

## चाल्नुपर्ने आवश्यक कदमहरू

### धूम्रपान कक्ष स्थापनाको ढाँचा

| | धूम्रपान स्थलको परिधि | |
|---|---|---|
| | भवनको आंशिक भाग | भवनको सम्पूर्ण भाग |
| ● खाना तथा पेय उपलब्ध सम्भव<br>● चुरोटको धूम्रपान सम्भव | खानपान गर्न सकिने धूम्रपान कक्षको स्थापना गर्न नसकिने  | भवनको सम्पूर्ण भाग धूम्रपान गर्न सकिने बनाउन नपाइने  |
| ● खाना तथा पेय उपलब्ध सम्भव<br>● तताएर पिउने चुरोटमात्र पिउन सम्भव | तताएर चुरोट पिउने विशेष धूम्रपान कक्ष स्थापना गर्नुपर्ने (अस्थायी रूपमा) पृष्ठ ७ हेर्नुहोस्  | |
| ● खाना तथा पेय उपलब्ध असम्भव<br>● चुरोटको धूम्रपान सम्भव | धूम्रपानका लागिको विशेष कक्ष स्थापना गर्नुपर्ने पृष्ठ ७ हेर्नुहोस्  | |

*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।

*यात्रु ओसार पसार व्यवसायका पानी जहाज तथा रेलगाडी भित्र (पानी जहाज भित्र)को धूम्रपान कक्षले, धूम्रपान विशेष कक्ष वा तताएर चुरोट पिउने धूम्रपान कक्षको सर्तहरू पूरा गरेको हुनुपर्छ ।

*व्यक्तिको निवासका लागि उपलब्ध गराइने स्थलहरू (घर, डेरा, होटल वा समाज कल्याण भवनका व्यक्तिगत कक्षहरू आदि) कानुनी नियन्त्रणको दायरामा पर्दैनन्।

सन् २०२०(रेइवा २) साल अप्रिल १ तारिख देखि नियन्त्रण नियम लागू हुनेछन् ।

# भोजनालय (हालसम्म चलेको साना स्तरका)



**लक्षित**

## भोजनालय जुन निम्न तीन सर्तहरू पूरा गरेको भोजनालय

1. सन् २०२०(रेइवा २)साल अप्रिल १ तारिखमा सञ्चालन भइरहेको हुनुपर्ने
2. ग्राहक अट्ने क्षेत्रफल १०० वर्ग मिटर भन्दा कम
3. व्यक्ति वा साना तथा मझौला उद्योग (५ करोड येन वा सो भन्दा कमको पूँजी) द्वारा सञ्चालित



**तपाईंको भवन साधारणतः भवन भित्र धूम्रपान निषेध गरिएको भवन हो ।**
**धूम्रपान क्षेत्र स्थापना गर्दा, खाना तथा पेय उपलब्ध गरिने वा नगरिने, धूम्रपान गर्न सकिने चुरोटको प्रकार तथा धूम्रपान स्थलको परिधि अनुसार चाल्नुपर्ने कदम फरक फरक हुन्छ ।**

## चाल्नुपर्ने आवश्यक कदमहरू

### धूम्रपान कक्ष स्थापनाको ढाँचा

| | धूम्रपान स्थलको परिधि | |
|---|---|---|
| | पसलको आंशिक भाग | पसलको सम्पूर्ण भाग |
| ● खाना तथा पेय उपलब्ध सम्भव<br>● चुरोटको धूम्रपान सम्भव | धूम्रपान गर्न सकिने कक्ष स्थापना गर्नुपर्ने<br>(अस्थायी कदमहरू)<br>पृष्ठ ८ हेर्नुहोस्<br>कृपया निवेदन पेस गर्नुहोस्<br> | धूम्रपान गर्न सकिने पसलको रूपमा<br>(अस्थायी उपायहरू)<br>पृष्ठ ८ हेर्नुहोस्<br>कृपया निवेदन बुझाउनुहोस्<br> |
| ● खाना तथा पेय उपलब्ध सम्भव<br>● तताएर पिउने चुरोटमात्र पिउन सम्भव | तताएर चुरोट पिउने विशेष कक्षको स्थापना गर्नुपर्ने<br>(अस्थायी कदमहरू)<br>पृष्ठ ७ हेर्नुहोस्<br> | |
| ● खाना तथा पेय उपलब्ध असम्भव<br>● चुरोटको धूम्रपान सम्भव | धूम्रपानका लागिको विशेष कक्ष स्थापना गर्नुपर्ने<br>पृष्ठ ७ हेर्नुहोस्<br> | भवनको सम्पूर्ण भाग धुम्रपानमात्रका लागि बनाउन नपाइने<br> |

*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।

सन् २०२०(रेइवा २) साल अप्रिल १ तारिख देखि नियन्त्रण नियम लागू हुनेछन् |

# सिगार बार (भट्टी), सुर्तीजन्य बिक्री पसल

**लक्षित**

## धूम्रपान गर्ने मुख्य उद्देश्य भएको बार, भट्टी आदि तथा भवन भित्र धूम्रपान गर्न सकिने सुर्तीजन्य बिक्री पसल







**तपाईंको भवन साधारणतः भवन भित्र धूम्रपान निषेध गरिएको भवन हो । पसलको आंशिक अथवा सम्पूर्ण भागमा धूम्रपान गर्न सकिन्छ ।**

### धूम्रपान गर्ने मुख्य उद्देश्य भएको बार तथा भट्टी आदिका सर्तहरू

(१)चुरोटको आमने-सामने बिक्री (पसल बाहिर गएर गरिने बिक्री सहित)भएको हुनुपर्ने
(२)भवन भित्रका स्थललाई धूम्रपानका लागि प्रदान गर्नु मुख्य उद्देश्य भएको हुनुपर्ने
(३)भवनको प्रबन्ध गरी ग्राहकलाई खानपिन गराउने व्यवसाय (साधारणतः"मुख्य खानाको रूपमा मानिने भोजन(नोट)" लाई मुख्य रूपमा उपलब्ध गराइने भोजनालय" बाहेक) गरिरहेको हुनुपर्ने
(नोट) भात जस्ता अन्न, पाउरोटी जस्ता मिठाई बाहेकका पाउरोटी, नूडल्स आदि

### सुर्तीजन्य बिक्री पसलका सर्तहरू

(१)चुरोट अथवा धूम्रपानमा प्रयोग हुने उपकरणको बिक्री (चुरोट बिक्रीको बारेमा भन्नु पर्दा आमने-सामने बिक्रीमा सीमित भएको खण्डमा)गरिरहेको हुनुपर्ने साथै, पसलमा बिक्री हुने सामानहरू प्रदर्शन गर्ने शेल्फ मध्ये, चुरोट अथवा केवल धूम्रपानका लागि प्रयोग गरिने उपकरणले पसलका उपकरण मध्य लगभग ५०% नाघिरहेको हुनुपर्ने
(२)भवन भित्रका कक्षलाई धूम्रपानका लागि प्रदान गर्नु मुख्य उद्देश्य भएको हुनुपर्ने

## चाल्नुपर्ने आवश्यक कदमहरू

**पसलको आंशिक भागमा** धुम्रपान कक्ष **(= धूम्रपानका लागिको कक्ष) खण्डमा, कृपया निम्न अनुसारका सर्तहरू पूरा गर्नुहोस् ।**

(१)कानुनद्वारा निर्दिष्ट गरिएको **प्राविधिक मापदण्ड पूरा गरेका धूम्रपान कक्षको** निर्माण गर्नु आवश्यक छ । प्राविधिक मापदण्डहरूको लागि पृष्ठ ९ हेर्नुहोस्

(२)**पसलको प्रवेशद्वारमा "धूम्रपानका लागिको कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्ड देखाएर राखिएको हुनुपर्छ ।

सिगार बार (भट्टी)




सुर्तीजन्य बिक्री पसल




(३)**पसलको प्रवेशद्वारमा "धूम्रपानका लागिको कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।

सिगार बार (भट्टी)




सुर्तीजन्य बिक्री पसल




*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।
*साइनबोर्ड, कृपया नागोया नगरको आधिकारिक वेबसाइटबाट डाउनलोड गरी प्रयोग गर्नुहोस् ।

**पसलको सम्पूर्ण भाग** धूम्रपान गर्न सकिने बनाउने **(= धुम्रपानको उद्देश्यका पसल (कक्ष))** खण्डमा निम्न सर्तहरू पूरा गर्नुहोस् ।

(१)कानुनद्वारा निर्दिष्ट गरिएको **प्राविधिक मापदण्ड पूरा गरेका धूम्रपान कक्षको** निर्माण गर्नु आवश्यक छ । प्राविधिक मापदण्डहरूको लागि पृष्ठ ९ हेर्नुहोस्

(२)**पसलको प्रवेशद्वारमा "धूम्रपान उद्देश्यका पसल"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।

सिगार बार (भट्टी)




सुर्तीजन्य बिक्री पसल




*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।
*साइनबोर्ड, कृपया नागोया नगरको आधिकारिक वेबसाइटबाट डाउनलोड गरी प्रयोग गर्नुहोस् ।

सन् २०२०(रेइवा २) साल अप्रिल १ तारिख देखि नियन्त्रण नियम लागू हुनेछन् ।

# विद्यालय तथा अस्पताल आदि



**लक्षित** विद्यालय, अस्पताल, क्लिनिक, प्रसूति क्लिनिक, वृद्धहरूका लागि स्वास्थ्य सेवा भवन, उपचार केन्द्र, बाल कल्याण गृह, सरकारी कार्यालय भवनहरू आदि ।




**तपाईंको भवन एरिया मा धूम्रपान निषेध छ ।**

यद्यपि, भवन बाहिर निर्दिष्ट धूम्रपान स्थलको स्थापना गर्न सकिन्छ ।

## चाल्नुपर्ने आवश्यक कदमहरू




### ▶ भवन बाहिर निर्दिष्ट धूम्रपान स्थलको बारेमा

निम्न ३ सर्तहरू पूरा गरेका क्षेत्रमा, भवन बाहिर निर्दिष्ट धूम्रपान स्थलको स्थापना गर्न सकिनेछ ।

१ धूम्रपान हुने स्थलको घेरा वा बार लगाइ छुट्टै गरिएको हुनुपर्ने

२ धूम्रपान गर्न सकिने स्थल भएको कुरा देखाइएको हुनुपर्ने

३ भवनका प्रयोगकर्ताहरू सामान्यतया आवत-जावत नगर्ने स्थान भएको हुनुपर्ने

*बस, ट्याक्सी तथा हवाईजहाजलाई गाडी भित्र (हवाईजहाज भित्र) धूम्रपान स्थल बनाउन अनुमति छैन (लागू हुने मिति सन् २०२०(रेइवा २)साल अप्रिल १ तारिख देखि)।

नियन्त्रण नियमहरू सन्२०१९(रेइवा१)जुलाई १ तारिख देखि लागू हुनेछन् ।

धूम्रपान कक्षको वर्गीकरण र साइनबोर्डहरूको प्रदर्शनी

# धूम्रपानका लागिको कक्ष

▶ **यो कक्ष धूम्रपानको लागि मात्र हो । खानपिन आदि धूम्रपान बाहेक अरू केहि गर्न सकिन्न ।**

## सर्तहरू

(१)धूम्रपान कक्ष कानुन द्वारा निर्दिष्ट गरिएको **प्राविधिक मापदण्डहरू पूरा गरेको धूम्रपान कक्ष** भएको हुनुपर्छ । प्राविधिक मापदण्डहरूको लागि पृष्ठ ९ हेर्नुहोस्

(२)**भवनको प्रवेश द्वार**मा **"धूम्रपानका लागि कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।







(३)**धूम्रपानका लागि कक्षको प्रवेश द्वार**मा **"धूम्रपानका लागिको कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।







*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।
*साइनबोर्ड, कृपया नागोया नगरको आधिकारिक वेबसाइटबाट डाउनलोड गरी प्रयोग गर्नुहोस् ।

धूम्रपान कक्षको वर्गीकरण र साइनबोर्डहरूको प्रदर्शनी

# तताएर पिउने चुरोटका लागिको धूम्रपान कक्ष (अस्थायी मापन)

▶ **यो कक्ष केवल तताएर पिउने चुरोटको लागि धूम्रपान गर्ने कक्ष हो । धूम्रपान बाहेक खानपिन आदि अन्य कुरा पनि गर्न सकिन्छ ।**

## सर्तहरू

(१)धूम्रपान कक्ष कानुन द्वारा निर्दिष्ट गरिएको **प्राविधिक मापदण्डहरू पूरा गरेको धूम्रपान कक्ष** भएको हुनुपर्छ । प्राविधिक मापदण्डहरूको लागि पृष्ठ ९ हेर्नुहोस्

(२)**भवनको प्रवेशद्वार**मा **"तताएर पिउने चुरोटका लागि कक्ष धूम्रपान कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।







(३)**तताएर पिउने चुरोटका लागिको धुम्रपान कक्षको** प्रवेश द्वारमा **"तताएर पिउने चुरोटका लागि कक्ष धूम्रपान कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।







*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।
*साइनबोर्ड, कृपया नागोया नगरको आधिकारिक वेबसाइटबाट डाउनलोड गरी प्रयोग गर्नुहोस् ।

धूम्रपान कक्षको वर्गीकरण र साइनबोर्डहरूको प्रदर्शनी

# धूम्रपान गर्न सकिने कक्ष र धूम्रपान गर्न सकिने पसल (अस्थायी उपाय)

**भोजनालय (हाल सम्म सञ्चालित सानो स्तरको)मा मात्र स्थापना गर्न सकिने धूम्रपान स्थल हो । खानपिन आदि धूम्रपान बाहेक अन्य कुराहरू पनि गर्न सकिन्छ ।**

## सर्तहरू <धूम्रपान गर्न सकिने कक्ष>

(१)धूम्रपान कक्ष कानुन द्वारा निर्दिष्ट गरिएको **प्राविधिक मापदण्डहरू पूरा गरेको धूम्रपान कक्ष** भएको हुनुपर्छ । प्राविधिक मापदण्डहरूको लागि पृष्ठ ९ हेर्नुहोस्

(२)**भवनको प्रवेशद्वार**मा **"धूम्रपान गर्न सकिने कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।




(३)**धूम्रपान गर्न सकिने कक्षको प्रवेशद्वार**मा **"धूम्रपान गर्न सकिने कक्ष"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।




*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।
*साइनबोर्ड, धूम्रपान गर्न सकिने कक्षको स्थापना सम्बन्धी निवेदन पेस गर्नु भएकालाई पठाइनेछ

## सर्तहरू <धूम्रपान गर्न सकिने पसल>

(१)चुरोटको धुवाँ (बाफ सहित ।) कक्ष भित्रबाट बाहिर नउडोस् भनी भित्ता वा छत आदि द्वारा अलग गरिएको हुनुपर्ने

(२)**अलग गरिएको स्थलको प्रवेशद्वार**मा **"धूम्रपान गर्न सकिने पसल"** रहेको कुरा थाहा पाउन सकिने गरी तलको चित्रमा भए अनुसार साइनबोर्डको प्रदर्शन गरिएको हुनुपर्छ ।




*२० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने स्थलमा प्रवेश गर्न निषेध गरिएको छ ।
*साइन बोर्ड, धूम्रपान गर्न सकिने कक्षको स्थापना सम्बन्धी निवेदन पेस गर्नु भएकालाई पठाइनेछ

***धूम्रपान गर्न सकिने कक्ष र धूम्रपान गर्न सकिने पसलहरू स्थापना गर्ने खण्डका बारेमा**

- धूम्रपान गर्न सकिने कक्ष स्थापित भवनको रूपमा निवेदन पेस गर्नुहोस् । निवेदन पेस गर्ने बारेमा पृष्ठ १० हेर्नुहोस्
- भवन भित्र ग्राहक बस्ने भुईंको क्षेत्रफल तथा पूँजी रकम अथवा लगानीको सम्पूर्ण रकमको उल्लेख गरिएको कागजपत्रलाई जतनका साथ राख्नुपर्छ। (पेस गर्नु आवश्यक छैन)

## प्राविधिक मापदण्डहरू (धूम्रपान उद्देश्यका कक्ष, धूम्रपान उद्देश्यका पसल, धूम्रपान गर्न सकिने कक्ष, धूम्रपानका लागिको कक्ष, तताएर धूम्रपान गरिने कक्षको स्थापनाको लागि आवश्यक चुरोटका धुवाँ उड्नमा रोकथाम)

**धूम्रपान कक्ष स्थापना गर्दा निम्न ३ मापदण्डहरू आवश्यक छन् ।**

**१ धूम्रपान कक्षको प्रवेश द्वारमा बाहिरबाट कक्ष भित्र बगेर आउने वायुको प्रवाह ०.२ मिटर प्रति सेकेन्ड वा त्यो भन्दा बढी हुनुपर्ने**

**२ चुरोटको धुवाँ(बाफसमेत । उप्रान्त उस्तै ।) कक्ष भित्रबाट बाहिर नउडोस् भनी भित्ता, छत आदि द्वारा अलग गरिएको हुनुपर्ने**

**३ चुरोटको धुवाँ कक्ष बाहिर फालिएको हुनुपर्ने**

*सन् २०२०(रेइवा २)साल अप्रिल १ तारिखमा अगाडी देखि नै सञ्चालित भवन भएको र कानूनी हकवाला प्रबन्धक जिम्मेवारी लिन नसक्ने कारण बाट माथि उल्लेखित मापदण्ड पूरा गर्न नसक्ने खण्डमा, चुरोटको धुवाँलाई पर्याप्तसँग निर्मूलीकरण गरी भवन बाहिर निष्काशन गर्न सकिने धूम्रपान बुथ आदिको स्थापना गर्दा माथि (१), (२) र (३)को मापदण्ड बराबर स्तरमा चुरोटको धुवाँको उड्नमा रोकथाम गर्न सकिन्छ ।




## २० वर्ष भन्दा कम उमेरकालाई धूम्रपान गर्ने क्षेत्रमा प्रवेश गर्न निषेध गरिएको छ

२० वर्ष भन्दा कम उमेरका लागि, उनीहरूले धूम्रपानको उद्देश्य नराखे पनि, उनीहरूलाई कानुन द्वारा निर्दिष्ट गरिएको धूम्रपान स्थलमा प्रवेश गर्न कडा निषेध गरिएको छ । यस विषयमा कामदार नै भए पनि प्रवेश गर्न कडा निषेध गरिएको छ ।

## धूम्रपान कक्ष भएका भवनमा काम गर्ने कर्मचारीहरूका लागिको कदमहरू

संशोधित कानुन अन्तर्गत, प्रत्येक भवनको प्रबन्धकहरूमा, उनीहरूले कर्मचारीहरूलाई अप्रत्यक्ष धूम्रपान हुनबाट जोगाउनका लागि कदम चाल्नुपर्ने दायित्वको निर्धारण गरिएको छ । साथै, श्रम सुरक्षा तथा स्वास्थ्य ऐनले, व्यवसाय सञ्चालककलाई भवन भित्र हुन सक्ने श्रमिकको अप्रत्यक्ष धूम्रपान रोकथामको लागि उपायहरू निकाल्नु पर्ने दायित्व तोकेको छ ।
स्वास्थ्य प्रवर्धन ऐन द्वारा तोकिएको दायित्व र श्रम सुरक्षा तथा स्वास्थ्य ऐनले तोकेको दायित्व अनुसार, व्यवसाय सञ्चालकले पालन गर्नुपर्ने विषयहरूलाई संकलन गरिएको "कार्यस्थलमा अप्रत्यक्ष धूम्रपान रोकथामका लागि मार्गनिर्देशन" लाई हेरेर, प्रत्येक भवनको वास्तविक स्थिति अनुसार अप्रत्यक्ष धूम्रपान सम्बन्धीका कदमलाई अगाडी बढाऔं ।

*"कार्यस्थलमा अप्रत्यक्ष धूम्रपान रोकथामका लागि मार्गनिर्देशन" लाई समाज कल्याण स्वास्थ्य तथा श्रम मन्त्रालयको वेबसाइटमा खुला गरिएको छ ।

## सरकारी आर्थिक सहयोगका बारेमा

व्यवसाय सञ्चालकले अप्रत्यक्ष धूम्रपान सम्बन्धीका कदम चाल्दा, प्राप्त गर्ने सहयोगमा, हरेक किसिमका धूम्रपान कक्षको स्थापनासँग सम्बन्धित सरकारी तवरको आर्थिक सहयोग प्रणाली रहेको छ ।

### ‖ (सरकारी आर्थिक सहयोग) अप्रत्यक्ष धूम्रपान रोकथाम कदमका लागि अनुदान रकम

साना तथा मझौला उद्योगका व्यवसायीले अप्रत्यक्ष धूम्रपान रोकथाम सम्बन्धी कदम चाल्नका लागि आवश्यक आर्थिक खर्च मध्य, केही हदसम्मको मापदण्ड पूरा गरेको हरेक किसिमका धूम्रपान कक्ष आदिको स्थापनामा लाग्ने निर्माण खर्च, साधन-सुविधा खर्च, उपकरण खर्च तथा मेसिनरी खर्च आदि जस्ता लगानी प्रति अनुदान सहयोग गरिने प्रणाली हो ।

**विस्तृत विवरणका लागि** कृपया आइची श्रम ब्यूरोलाई सम्पर्क गर्नुहोस् ।

**अनुदान रकमका लागि आवेदनका बारेमा** रोजगार वातावरण तथा समान विभाग योजना शाखा फोन : ०५२-८५७-०३१३

**धूम्रपान कक्ष आदिसँग सम्बन्धित प्राविधिक विषयहरू** श्रम मापदण्ड विभाग स्वास्थ्य शाखा फोन: ०५२- ९७२-०२५६

## धूम्रपान स्थलको स्थापना गर्दा ध्यान दिनुपर्ने दायित्व

असङ्ख्य व्यक्तिहरूले प्रयोग गर्ने भवनको प्रबन्धकर्ताले **धूम्रपान स्थल तोक्न लाग्दा, अनिच्छित अप्रत्यक्ष धूम्रपानको परिस्थितिको सृजना नहुने खालका स्थललाई रोज्नुपर्ने कुरामा बिचार नपुऱ्याइ हुँदैन ।** यसका लागि ध्यान दिनुपर्ने दायित्वको ठोस उदाहरणमा, धूम्रपान गर्ने स्थानको स्थापना गर्दा **भवनको प्रवेश द्वार नजिकमा वा प्रयोगकर्ताहरू अक्सर भेला हुने ठाउँमा स्थापना नगर्ने**, धूम्रपान कक्ष स्थापना गर्ने खण्डमा **चुरोटको धुवाँको निष्कासन हुने स्थानमा उक्त धूम्रपान स्थलको वरिपरिको आवत-जावत सङ्ख्या तथा वरिपरिको परिस्थितिको बिचार गरि अप्रत्यक्ष धूम्रपानको सृजना नहुने स्थल रोज्नुपर्ने** आदि जस्ता कदमका बारेमा बिचार गर्न सकिन्छ ।



**भोजनालय (हालसम्मका सानो स्तरका)**

## "धूम्रपान गर्न सकिने कक्ष" स्थापना गर्न चाहेमा वा "धूम्रपान गर्न सकिने पसल" को सञ्चालन गर्न चाहेको खण्डमा दिनुपर्ने निवेदनका बारेमा


"धूम्रपान गर्न सकिने कक्ष" स्थापना गर्न चाहेमा वा "धूम्रपान गर्न सकिने पसल" को सञ्चालन गर्न चाहेको खण्डमा, तोकिएको निवेदन फारामद्वारा पसलको नाम तथा अवस्थिति आदिको बारेमा यस नगरमा पेस गर्नुहोस् ।

**[हुलाक ठेगाना]** *हुलाक

**Health Promotion Division, Health Department, Health & Welfare Bureau, City of Nagoya**

| | |
|---|---|
| हुलाक गर्ने ठेगाना | Health Promotion Division, Health Department, Health & Welfare Bureau, City of Nagoya<br>3-1-1 Sannomaru, Naka-ku, Nagoya 460-8508 |
| सोधपुछका लागिको फोन नम्बर | टेलिफोन: ०५२-९७२-४०५८ फ्याक्स: ०५२-९७२-४१५२ (८:४५-१७:३० शनिबार, आइतबार, सार्वजनिक छुट्टि, वर्षान्त र नयाँ वर्षको छुट्टी बाहेक) |

*निवेदन पेस गर्दा दिइएका सूचनामा परिवर्तन आएको खण्डमा वा स्थापना गरेको "धूम्रपान कक्ष" वा "धूम्रपान गर्न सकिने पसल" को सञ्चालन बन्द गरेको खण्डमा, तोकिएको निवेदन फारामद्वारा चाँडो भन्दा चाँडो माथि उल्लेखित रिसेप्शन डेस्कमा पेस गर्नुहोस्।

| धेरैजसो सोधिने प्रश्नहरू | उत्तर |
|---|---|
| साइनबोर्ड कहाँ पाउन सकिन्छ? | नागोया नगर आधिकारिक वेबसाइट आदिबाट डाउनलोड गरी प्रयोग गर्नुहोस् । |
| **"धूम्रपान अनुमति कक्ष" स्थापना गर्न वा "धूम्रपान गर्न सकिने पसलको" खोल्न चाहेमा, निवेदन पत्र कहाँबाट प्राप्त गर्न सकिन्छ?**<br><br>*"धूम्रपान अनुमति कक्ष" "धूम्रपान अनुमति  पसल" स्थापना गर्न सकिने भवनहरूका बारेमा जान्नका लागि पृष्ठ ४ तथा ८ मा हेर्नुहोस् । | **हुलाकद्वारा यो सहयोग पुस्तक प्राप्त गरेकाले**<br>हुलाकबाट पठाउँदा खाम भित्र हालिएको निवेदन फारामको प्रयोग गर्नुहोस् ।<br>**माथिका बाहेकले**<br>नागोया नगर आधिकारिक वेबसाइटमा फर्म्याट राखिएको छ, कृपया त्यसलाई डाउनलोड गरी प्रयोग गर्नुहोस् । |
| **"धूम्रपान अनुमति कक्ष" स्थापनाका लागिका  सर्तहरूमा "ग्राहक बस्ने क्षेत्रफल १०० वर्ग मिटर वा सो भन्दा कम" भनिएको छ, "ग्राहक बस्ने" भन्नाले केलाई बुझिन्छ?**<br><br>*"धूम्रपान अनुमति कक्ष" स्थापनाका लागिका ३ सर्तहरू<br>(१)सन् २०२०(रेइवा २)साल अप्रिल १ तारिखमा संचालन भइरहेको हुनुपर्ने<br>(२)**ग्राहक बस्ने** क्षेत्रफल १०० वर्ग मिटर वा सो भन्दा कम<br>(३)व्यक्ति वा साना तथा मझौला उद्योग (५ करोड येन वा सो भन्दा कमको पूँजी) द्वारा सञ्चालित | पसलको सम्पूर्ण भाग मध्य  ग्राहक बस्ने स्थानबाट स्पष्टसंग छुट्याउन सकिने **भान्सा**, **शौचालय**, **हलवेहरू**, **लेखा कैशियर**, **कर्मचारीका लागिका ठाउँहरू**, आदि बाहेकका ठाउँ भनेर बुझिन्छ ।<br>**<ग्राहक बस्ने क्षेत्रको उदाहरण>**<br><br><br>**निलो रङ्गको छड्के चिन्ह लगाइएको भाग ग्राहक बस्ने क्षेत्र हो ।** |
| बार (भट्टी)लाई कस्तो पसलको रूपमा लिइन्छ? | **धूम्रपानका लागि प्रयोग गरिने** बार वा भट्टीले पसलको आंशिक भाग वा सम्पूर्ण भाग धूम्रपान गर्न सकिने बनाउन सकिनेछ ।<br><br>*विस्तृत विवरणका लागि पृष्ठ ५ हेर्नुहोस् । |

# [सम्पर्क ठेगाना]


## Health Promotion Division, Health Department, Health & Welfare Bureau, City of Nagoya

| ठेगाना | 3-1-1 Sannomaru, Naka-ku, Nagoya 460-8508 |
|---|---|
| टेलिफोन | टेलिफोन: ०५२-९७२-४०५८ फ्याक्स: ०५२-९७२-४१५२<br>(८:४५-१७:३० शनिबार, आइतबार, सार्वजनिक छुट्टि, वर्षान्त र नयाँ वर्षको छुट्टी बाहेक) |


नागोया नगर　अप्रत्यक्ष धूम्रपान

http://www.city.nagoya.jp/kenkofukushi/page/0000024729.html

QRकोडको साथ सजिलो एक्सेस

QRकोड (कम्पनी लिमिटेड)डेन्सो वेभको दर्तवालाा ट्रेडमार्क हो▶